स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले मंसिर २ गते आफ्नो जन्मदिनको अवसरमा प्रशंसकहरूलाई ठूलो सरप्राइज दिइन्। उनले इन्गेजमेन्टका तस्वीरहरू सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेकी थिइन्। तर, त्यसबेला उनले हुनेवाला श्रीमानको नाम भने खुलाइनन्। तस्वीरमा अनुहार पनि आधा मात्र देखिएको थियो। 'एस एन्ड बी' उल्लेख गरेकी थिइन्।

**आजको विचार...**



धनी...
(दुई पेजमा)

देवकी गौतम



अशोक दर्जीको मुख्य अभिनय रहेको फिल्म 'मन बिनाको धन' तेस्रो सातामा प्रदर्शनरत छ। टंक बुढाथोकी निर्देशित फिल्मले तेस्रो शनिबारसम्म ३ करोड ४० लाख ६३ हजार रुपैयाँ ग्रस कमाइ गरेको छ। चलचित्र विकास बोर्डले सार्वजनिक गरेको विवरणअनुसार फिल्मको १ लाख २८ हजारभन्दा बढी टिकट बिक्री भएका छन्। 'मन बिनाको धन' कातिक २१ गते 'जारी २' सँग एकसाथ रिलिज भएको थियो।

❒ वर्ष ३१ अंक ११९ ❒ २०८२ मंसिर १० गते बुधबार 26 November 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### पाकिस्तानी बमबारी १० को मृत्यु

**(रासस/एएफपी)**

**काबुल,** मंसिर ९/अफगानिस्तानका पूर्वी क्षेत्रहरूलाई लक्षित गरी पाकिस्तानले गरेको हवाई आक्रमणमा कम्तीमा १० सर्वसाधारणको मृत्यु भएको तालिबान सरकारले जनाएको छ । यो घटना पाकिस्तानको पेशावरस्थित सुरक्षा परिसरमा भएको सोमबारको आत्मघाती आक्रमणको भोलिपल्ट भएको हो । तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जाल एक्समार्फत भने, 'पाकिस्तानी आक्रमणकारी सेनाले एक स्थानीय नागरिकको घरमा बम प्रहार गर्दा खोस्त प्रान्तमा पाँच बालक, चार बालिका र एक महिलासहित १० जनाको मृत्यु भएको छ ।' उनका अनुसार कुनार तथा पक्तिका सीमावर्ती क्षेत्रमा गरिएका थप आक्रमणमा चार सर्वसाधारण घाइते भएका छन् ।

# किसानलाई बाली जोगाउँने चिन्ता

*कृषि कर्मको प्राण नै मल-बीउ भएको ठान्ने किसानका लागि यतिबेला सबैभन्दा ठूलो चुनौती मल-बीउ नै भइरहेको छ । मलका लागि छिमेकी मुलुक भारतकै भर पर्नुपर्छ । कहिले मल सहजै ल्याउन पाइन्छ । तर, बेलाबखत सुरक्षाकर्मीको गाली खानुपर्छ ।*

**रासस**

**देवदह (रुपन्देही),** मंसिर ९/ हरेक वर्षझैँ यस वर्ष पनि किसानको उस्तै पीडा, चिन्ता छ । गहुँको बीउ छर्न मल अभावले किसान चिन्तित छन् । अर्कोतर्फ बेमौसमी वर्षाका कारण पानीमा डुबेर नष्ट भएको धानबाली निकाल्नै कठिन छ । कृषि पेसामा आत्मनिर्भर बन्ने सपना बोकेका किसानको दैनिकी भागदौड, चिन्ता र निराशाले भरिएको छ ।

अहिले धानबाली भित्र्याउने बेला हिउँदे बाली लगाउन किसान



चटारोमा छन् । कोही मल नपाएर बीउ खेतमा छर्न सकिरहेका छैनन् भने कोही धानबाली नै निकाल्न नसकेर चिन्तित छन् । कृषि कर्मको प्राण नै मल-बीउ भएको ठान्ने किसानका लागि यतिबेला सबैभन्दा ठूलो चुनौती मल-बीउ नै भइरहेको छ । रुपन्देहीको मर्चवारी गाउँपालिका-२ का सुमेर यादव यतिबेला गहुँ र दलहनको खेती तयारीमै व्यस्त छन् । तर, मल-बीउ ल्याउन नपाए खेतीपाती नै अधुरो हुने उनलाई चिन्ता छ । यादव भन्छन्, "सरकारले समयमा पर्याप्त मल-बीउ उपलब्ध गराउन सकेको छैन । मलका लागि छिमेकी मुलुक भारतकै भर पर्नुपर्छ । कहिले मल सहजै ल्याउन पाइन्छ । तर, बेलाबखत सुरक्षाकर्मीको गाली खानुपर्छ । किसान भएकै कारण हामीलाई धेरै पीडा सहनुपरेको छ ।" कोटहीमाई गाउँपालिका-७ का दिनेश लोधको समस्या पनि उस्तै छ । सहकारी संस्थामा मल आएको खबर सुन्नासाथ बिहान सबेरै दौडनु, लाइनमा बस्नु र नपाए फर्केर फेरि भारतीय बजार धाउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । "सहकारीमा बिहानै लाइन बसिएन भने मल पाइँदैन । त्यहाँ नपाए सीमावर्ती भारतीय बजार धाउनुपर्छ", उनले भने, "मल बिना खेती गर्न सकिन्न ।" सम्मरीमाई गाउँपालिका-७ का साहुल हरिजनको पीडा भने भिन्न छ । बेमौसमी वर्षाले डुबानमा परेको खेतबाट धानबाली निकाल्न चुनौती रहेको उनी बताउँछन् । हरिजनका अनुसार पानीको उचित निकास नहुँदा धेरैजसो धानबाली खेतमै नष्ट भइसकेको छ । बचेका बोट-बिरुवा उठाएर सुकाउने काममै उनी व्यस्त छन् । "हाम्रो खेतमा बर्सेनि पानी जमेर बाली नष्ट हुन्छ । कुलो-नाला व्यवस्था भए हामी जोगिन सक्थ्यौं । किसानको पीडा बुझ्ने समय कहिले आउँला ?" उनले प्रश्न गरे । यी समस्या केवल रुपन्देहीको दक्षिणी क्षेत्र मर्चवारको मात्र होइनन्, तराई-मधेसका किसान बर्सेनि मल-बीउको अभाव, उचित बजार मूल्य नपाउनु, मल पाउन सास्ती र बेमौसमी वर्षाबाट धानबालीमा क्षतिलगायतका समस्या झेलिरहेका छन् । खेतमा पसिनै बगाएर आफ्नो र परिवारको गुजारा चलाउने आफूहरुको पीडा कसैले गम्भीर रूपमा नलिएसम्म कृषिबाट समृद्धिको सपना केवल कागजमै सीमित हुने किसान बताउँछन् । कोटहीमाई गाउँपालिकामा रहेका १८ सहकारीमार्फत मल वितरण भइरहे पनि किसानले आफ्नो आवश्यकताअनुसार भने पाउन सकेका छैनन् । रुपन्देहीमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड प्रादेशिक कार्यालय भैरहवामार्फत मल वितरण भइरहेका छ । तर मागअनुसार र समयमा मल नपाउँदा किसान मर्कामा पर्दै आएका छन् ।


## महिला हिंसा अन्त्य गरौं ।

-महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
-महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
-कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
-हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
-कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
-घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
-महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
-हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
-महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं ।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# निर्वाचनसँगै सुशासन कायम गर्नु यो सरकारको दायित्व हो

**पाल्पा,** मंसिर ९/गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारको पहिलो प्राथमिकता सफलतापूर्वक निर्वाचन सम्पन्न गर्नु तथा सुशासनका निम्ति सबल आधार तयार गर्नु हो भनेका छन् । मंगलबार भैरहवामा आयोजित लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा उनले निर्वाचन र सुशासनलाई नै अर्जुनदृष्टि दिएर सरकारले काम गरिरहेको बताए ।

केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत निर्वाचन सुरक्षा योजना बमोजिम प्रदेश सरकारले पनि आफ्नो सुदृढसुरक्षा योजना तयार गरी कार्यान्वयनमा जान सुझाव दिए । "राजनीतिक दलहरुले लुटिएका हतियार र फरार कैदीबन्दीलाई सुरक्षा




चुनौतीको रुपमा औंल्याएका छन, हामीले धेरै परिमाणमा विशेष अपरेशनमार्फत ती हतियार फिर्ता ल्याइसकेका छौं धेरै कैदी पनि फिर्ता भइसकेका छन्", गृहमन्त्री अर्यालले भने । सैंय गृह मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रुपमा आयोजित सुरक्षा गोष्ठीमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउनुपर्नेमा जोड दिए । उनले सुशासन कायम गर्न प्रदेश सरकार रणनीतिक योजना बनाएर अघि बढेको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## मुलुकको वर्तमान राजनीतिक अवस्था र सुधारका आधारहरू

**नेपालको वर्तमान राजनीतिक अवस्था अस्थिरता, अविश्वास र नेतृत्वहीनताले भरिएको छ । दलहरूबीचको प्रतिस्पर्धा जनताको समस्याभन्दा पद, शक्ति र स्वार्थमा केन्द्रित हुँदै जाँदा शासन प्रणाली नै कमजोर बन्दै गएको छ । विगतका निर्वाचनहरूले धेरै आशा जगाए पनि त्यसअनुसारको स्थिर सरकार, प्रभावकारी संसद् र जवाफदेही नेतृत्व तयार हुन नसक्नु आजको मूल चुनौती हो । राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र नहुँदा निर्णय प्रक्रिया केही व्यक्तिमा सीमित छ, जसले समग्र प्रणालीमाथि नै प्रश्न उत्पन्न गरेको छ ।**

**सरकार परिवर्तनको दैनिकीजस्तै बनेको वर्तमान अवस्थाले नीति, कार्यक्रम र विकासका दीर्घकालीन योजना अवरुद्ध बनाएको छ । मन्त्रिपरिषद् गठनदेखि बजेट कार्यान्वयनसम्म राजनीतिक व्यावहारिकताभन्दा स्वार्थ लगानी हावी देखिन्छ । अर्कोतिर, भ्रष्टाचार, ढिलासुस्ती र गैरजवाफदेही संस्कृतिले राज्यप्रति नागरिकको भरोसा क्रमशः हराउँदै गएको छ। लोकतन्त्रको मर्म अनुसार प्रतिपक्षलाई पनि सशक्त भूमिकामा देखिनुपर्ने हो तर दलहरु समेत अवसरवादीताबाट मुक्त हुन सकेका छैनन् ।**

**यस्ता कमजोर पक्ष सुधार्न केही महत्वपूर्ण आधारहरू अवलम्बन गर्नु अत्यावश्यक छ । पहिलो, राजनीतिक स्थिरतालाई प्राथमिकता दिनुपर्नेछ । गठबन्धन गर्ने र तोड्ने अनियन्त्रित प्रवृत्तिमा संयमता आवश्यक छ । दोस्रो, दलहरूको आन्तरिक लोकतन्त्र मजबुत बनाउनु आजको ठोस आवश्यकता हो । पारदर्शी सदस्यता, स्पष्ट नेतृत्व चयन र नीति निर्माण प्रक्रियामा सहभागीता बढे लोकतान्त्रिक मूल्यहरू बलियो बन्छन् । तेस्रो, सुशासन र शून्य सहनशीलतासहितको भ्रष्टाचार नियन्त्रण अपरिहार्य छ । अनुसन्धान संस्थाहरू स्वतन्त्र र प्रभावकारी बनेनन् भने सुधार सम्भव छैन । चौथो, संसदीय उत्तरदायित्वलाई व्यवहारमा उतार्न संसद् सक्रिय, नीतिगत र नागरिकमुखी बन्नुपर्छ । अन्ततः, मुलुकको राजनीतिक सुधार केवल नेताहरूको इच्छा शक्तिमै निर्भर छैन नागरिक सचेतना, संस्थागत मजबुती र संविधानको आत्माको पालनाले मात्रै दीर्घकालीन स्थिरता र विकासको बाटो खोल्छ । नेपालले राजनीतिक परम्पराको पुनर्संरचना गर्ने अब उपयुक्त समय निर्वाचन हो । त्यसको विकल्प छैन ।**

## Opinion @ Social Network

सफलता खोज्दा खोज्दै जिन्दगीको यात्रा नै समाप्त हुन लागि सक्यो,
यहा अझै गन्तव्यको टुङ्गो लागेको छैन ।

*(हर्ख शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Harka.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# धनी मतलब : अपराधी कि भ्रष्टाचारी ?



**देवकी गौतम**

२१औं शताब्दीमा विश्वका अन्य राष्ट्रहरूले चन्द्रमामा बस्ती बसाउने कामलाई प्राथमिकतामा राखेर समाज विकासको अर्को चरणमा प्रवेश गरिरहँदा पछिल्लो समयमा नेपाली समाजमा भने धनी मानिसहरूमा नैतिकता हुँदैन र उनीहरू अनैतिक तरिकाबाट धन कमाउँछन् भन्ने एउटा गहिरो नकारात्मक सोचाइले जरो गाडेको छ । के साँच्चै धनी हुनुभनेको भ्रष्टाचारी हुनु या अपराधी हुनु हो ? यो सोचाइले समाजमा असल उद्यमशीलता, परिश्रमको मूल्य र आर्थिक प्रगतिको सही मार्गमा अवरोध सिर्जना गरिरहेको छ । नेपालजस्तो विकासशील देशमा जहाँ गरिबी, बेरोजगारी र अवसरको अभाव छ, त्यहाँ धनाढ्य व्यक्तिप्रति शंका गर्नु सामान्य व्यवहार बनिसकेको छ ।

जब समाजले धनार्जनलाई अपराधसँग जोड्छ, तब युवाहरूमा उद्यमशीलता गर्ने हौसला घट्छ । गलत सोचाइको सामाजिक असरका रूपमा धनी भए समाजले मलाई भ्रष्टाचारी ठान्नेछ भनेर उनीहरू सधैं धनसँग डराउँछन् । उद्यमशीलता र नवप्रवर्तन, स्टार्टअप र आर्थिक विकासमा नकारात्मक असर पार्दछ । यो सोचाइले धनीविरुद्ध गरिबको मानसिकता जन्माउँछ । यसले वर्ग संघर्षलाई बढावा दिन्छ, जसले सामाजिक एकता र सहकार्यमा बाधा पुऱ्याउँछ । धेरै परिश्रमी, इमानदार र दूरदर्शी व्यक्तिले आफ्नो मिहिनेतबाट धनार्जन गर्छन् तर जब समाजले उनीहरूलाई शंका गर्ने, अपमान गर्ने, वा तिरष्कार गर्ने प्रवृत्ति देखाउँछ । यसले असल व्यक्तिलाई निराश बनाउँछ । यस्तो सोचाइले कर्मशील र असल व्यक्तित्वको अपमान गर्दछ । अन्त्यमा मानवीय संवेदनशीलताको अन्त्य भई सामाजिक विभाजनको उग्ररूप धारण गर्दछ, जुन हामीले केही समयअगाडिको आन्दोलनमा प्रत्यक्ष रूपमा देखी र भोगी सकेका छौं । धन र नैतिकता भन्ने विषयवस्तु बिल्कुलै फरक-फरक हुन् । यी दुईवटा विषयलाई एकै ठाउँमा राखेर हेर्न थालियो भने समाज उन्नतितिर लम्कनुको साटो अवन्नतितिर जानसक्छ भन्नेमा हामी जहिल्यै सचेत हुनुपर्दछ । धनी हुनुभनेको अपराधी हुनु वा भ्रष्टाचारी हुनु हो भन्ने पूर्वाग्रही धारणा केवल भ्रममात्र हो, जसले समाजलाई नकारात्मक दिशातर्फ लैजाँदैछ । यदि गरिब हुँदैमा नैतिकवान हुने भए भ्रष्टाचारविरोधी आन्दोलनमा गएका मानिसहरूले बोक्न सकेको पोको हातमा बोकेर आन्दोलनबाट पक्कै फर्कने थिएनन् । त्यसैले धन र नैतिकतासँगको सम्बन्धलाई अलग्गै विषयवस्तु बनाउन जरुरी छ । धनी हुनुका सकारात्मक पक्ष धेरै छन् । जुनदेशका नागरिक धनी हुन्छन् त्यो देश पक्कै धनी हुन्छ । धनी हुनुभनेको केबल सम्पत्ति आर्जन गर्नुमात्र होइन, आममानिसका लागि अवसरको सिर्जना गर्नु पनि हो । एक सफल उद्यमीले रोजगारी सिर्जना गर्छ । सामाजिक उत्तरदायित्व वहन गर्छ । आर्थिक विकासका नयाँनयाँ स्रोत पत्ता लगाउँछ र प्रविधिको विकासमा सहयोग पुऱ्याउँछ । एउटा सफल उद्यमीले व्यावसायिक क्षेत्रमा लगानी गरेर आफूमात्रै नाफा कुम्ल्याएर बस्दैन्, राज्यलाई कर तिर्छ र राष्ट्रको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिन्छ । उदाहरण नेपालभित्र जस्तै : विनोद चौधरी, मीनबहादुर गुरुङ, उपेन्द्र महतो, शेष घले जस्ता केही गिनेचुनेका सफल व्यवसायी छन् जसले अन्तर्राष्ट्रियस्तरमा नेपाली ब्राण्डलाई चिनाएका छन् । उनीहरूको योगदानलाई सम्मान गर्नु आवश्यक छ । समय परिवर्तनशील छ । प्रविधि, शिक्षा र उद्यमशीलताको माध्यमबाट धनार्जन गर्ने अबसर बढेका छन् । यसकारण, पुरानो सोचाइलाई निरन्तरता दिनु अनुचितमात्र होइन, यस्तो सोचाइ समाजको प्रगतिको बाधक हो । प्रश्न आउँनसक्छ कि हाम्रो समाजमा यस्ता कुराहरूको बिउ कसरी रोपियो ? राज्यको विकास क्रम र नेपाल देशको राजनीतिक परिवर्तनलाई केही अघि फर्केर हेर्ने हो भने यो प्रश्नको उत्तर सजिलै भेटिन्छ । राणा शासन, पञ्चायतकाल र पछिल्लो राजनीतिक संक्रमणकालमा केही मानिसले सत्ताको दुरुपयोग गरी अकूत सम्पत्ति आर्जन गरे । यसले आमजनतामा धनी हुनुभनेको भ्रष्ट हुनु हो भन्ने गलत सोचको बिउ रोप्यो । पछिल्लो केही दशकमा हाम्रो देशमा भएको कम्युनिष्ट आन्दोलन धनी र गरिबबीचको गहिरो खाडललाई अझै थप गहिरो बनाउन मलजल गर्ने तत्व हो भन्दा फरक पर्दैन । गरिबलाई सही नेतृत्व र सही नीति ल्याएर कसरी घनी बनाउने भनेर सोचनतिर लाग्नुपर्ने राजनीतिक विचारधारा जब गाउँमा दुईवटा लैनो भैंसी पालेर दूध बेचेर परिवार पाल्ने किसानलाई सामन्ती भनेर टाउको काट्न थाल्छ ..होचो घरलाई परिवर्तनको एउटा इँटा थपेर अग्लो बनाउनेभन्दा अग्लो घरको इँटा बलजृती उक्काएर फालेर होचो बनाएर समानताको उर्दी हाक्न थाल्छ तब त्यसको असर सडकमै असरल्ल देखिन्छन् । पछिल्लो समय सडकमा देखिएको घृणा त्यसैको उपज हो । मतलब सारा दोष भ्रमको खेती गर्नै कम्युनिष्टको मात्रै पक्कै होइन । नेपालको पुराना र आफूलाई लोकतन्त्रको हिमायती मान्ने दलहरूले समेत भ्रष्टाचारमा शून्य सहनशीलतालाई नारामा मात्र सीमित पार्नु र दलको फेर समातेर कालो धन्दा गरेर कालो धन कुम्ल्याउने केही नेता भनाउँदालाई कारबाही गर्न नसक्नु पनि धनी मानिसप्रतिको नकारात्मक विचार निर्माणका लागि दोषी छन् । देशको हरेक नीतिलाई प्रभाव पार्ने मूलनीति राजनीति जब दूषित हुन्छ तब समाजमा वितृष्णाको खेतीपाती गर्ने अराजकताका व्यापारीहरूले त्यसको फाइदा उठाउनु स्वाभाविक मान्नुपर्दछ । आजभोलि चाहे ती विदेशमा बसेर नेपाल र हामी नेपालीको बारेमा युट्युबमा डलरको खेती गर्ने युट्युबर हुन् या आफ्नो भ्युजको भोका राजनीतिक विश्लेषक हुन् र जताततै यस्तो नकारात्मकता, द्वेष र घृणाले समाज मैलो बनाएको छ । भनिन्छ, यदि तिमी सगरमाथा चढ्नु छ भने पहिला तिमी विचारले सगरमाथा चढ्ने छौ । त्यसपछि तिमी खुट्टाले सगरमाथा पुग्नेछौ । विकसित राष्ट्रहरूका नागरिकहरू धनी हुनुको पछाडि अन्य धेरै कारण होलान् तर पहिला उनीहरूले विचारमा धनी बनेर धनको स्रोतलाई सम्मान गर्नेगरेको देखिन्छ । धनार्जनलाई अपराध वा भ्रष्टाचारसँग नजोड्ने सकारात्मक दृष्टिकोण देखिन्छ । यस्ता देशहरूमा पारदर्शिता, कानुनी शासन र उद्यमशीलताको सम्मानले इमानदार तरिकाबाट धन कमाउने वातावरण सिर्जना गरेको छ । विकसित राष्ट्रहरूका उदाहरण स्वीडेनमा उच्च पारदर्शिता, सामाजिक उद्यमशीलता र नवप्रवर्तनमा अग्रणी भूमिकामा छ । विश्व प्रसिद्ध स्पोर्टिफाई जस्ता ब्राण्ड यहीँबाट जन्मिएका हुन् । स्विट्जरल्याण्डमा कानुनी ढंगले सम्पत्ति आर्जन गरेका धनी व्यक्तिलाई सम्मान गरिन्छ । रोलेक्स, नेस्टले जस्ता कम्पनीले यहीँबाट सञ्चालन भएर विश्वभरि जरा फैलाएका छन् । त्यस्तै सिंगापुरमा धनी हुनु सामाजिक प्रतिष्ठाको विषय मानिन्छ । न्युजिल्याण्डमा धनी हुनु परिश्रमको प्रतिफल मानिन्छ । समावेशी समाज र व्यवसायमैत्री रहेको क्यानडामा धनी व्यक्तिहरूले थप सामाजिक उत्तरदायित्व वहन गर्छन् । सोपिफाई बोम्बारडियर जस्ता कम्पनीहरू यहीँबाट सञ्चालनमा छन् । यी राष्ट्रहरूमा धनार्जनलाई अपराध होइन, परिश्रम र नवप्रवर्तनको प्रतिफल मानिन्छ । समाजले इमानदार व्यवसायीलाई सम्मान गर्छ र सरकारहरूले पारदर्शिता कायम राख्न कडा कदम चाल्छन् । नेपालले यस्ता उदाहरणबाट सिकेर सकारात्मक सोचको विकास गर्न सक्दछ । के अब यो समस्याको समाधान छैन त ? अवश्य छ । हामीले हाम्रो शैक्षिक प्रणालीमार्फत सुधार गर्दै विद्यालयस्तरमै आर्थिक शिक्षाको ज्ञान दिन आवश्य छ । विद्यार्थीहरूलाई वैध तरिकाले धनार्जन गर्ने उपाय जस्तै-उद्यमशीलता, लगानी, बचत, कर प्रणाली बारे सिकाउन अब ढिलाइ गर्नु हुँदैन । धन र नैतिकता एकै विषयवस्तु होइनन् भन्ने नैतिक ज्ञान विद्यालयतहदेखि नै सिकाउन जरुरी छ । समाजिक रोलमोडलहरू सफल र इमानदार उद्यमीहरूको जीवनकथा पाठ्यक्रममा समावेश गर्न सकिन्छ । परिश्रमी र इमानदार धनाढ्य व्यक्तिलाई समाजले तिरस्कार होइन सम्मान गर्नुपर्छ । यसले युवाहरूमा सकारात्मक प्रेरणा दिन्छ । मिडियाले धनाढ्य व्यक्तिहरूको सकारात्मक पक्ष उजागर गर्न कन्जुस्याइँ गर्नु हुँदैन । भ्रष्टाचार र वैध धनार्जनबीचको भिन्नता स्पष्ट पार्ने समाचार, टक सो र वृत्तचित्रमार्फत जनचेतना फैलाउन सकिन्छ । सफलताको कथा, संघर्ष र योगदानबारे कार्यक्रमहरू प्रसारण गर्नुपर्छ । सरकारले नीतिनिर्माण पारदर्शिता, कर प्रणाली र उद्यमशीलता प्रवर्द्धन गर्ने नीति ल्याउनुपर्छ । यसले वैध तरिकाबाट धनार्जन गर्ने वातावरण सिर्जना गर्छ । सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीतिअन्तर्गत भ्रष्ट व्यक्तिहरूलाई कानुनी कारबाही गरेर समाजमा स्पष्ट सन्देश दिनुपर्छ । हामीले सोचाइ परिवर्तन गर्न सकेमात्र उद्यमशीलता, नवप्रवर्तन र आर्थिक समृद्धिको मार्ग खुल्नेछ । गलत सोचाइको खण्डन गर्दै केही अपवादबाहेकका सबै धनी व्यक्ति भ्रष्ट हुँदैनन् । धेरै धनाढ्यहरू उनीहरूको परिश्रम, लगनशीलता, दूरदर्शिता र खतरा मोल्न सक्ने क्षमताले हिजो रेञ्ची समातेर साइकलको पांग्रा कस्नेहरू आज बेञ्चकारको सिटमा बस्ने अवस्थामा पुग्न सफल भएका छन् । धनार्जन अपराध होइन, वैध तरिकाबाट धन कमाउनु सामाजिक र व्यक्तिगत प्रगतिको सूचक हो । धनले अवसर सिर्जना गर्छ ।

धनी व्यक्तिहरूले नागरिकलाई रोजगारी र विकासका ढोका खोल्न मद्दत गर्दछन् । जसरी पानीलाई ओरालो बग्न सजिलो हुन्छ । त्यस्तै समाज ओरालो लाग्न केही बेर पनि लाग्दैन तर उकालो यात्रामा लाग्न र प्रगतिको शिखरमा पुग्न वर्षौं लाग्नसक्छ । घृणाको व्यापार सजिलो छ तर विश्वको अन्य देशमा विरलै देख्न पाइने विभिन्न जात-धर्म, वर्गमा विभाजित/एकीकृत विविधतायुक्त नेपाली समाजमा सामाजिक सद्भाव नखल्बलियोस् भन्नेतर्फ सचेत हुन् जरुरी छ । अब हामी सबै जो-जो आफूलाई समाजको सचेत वर्ग हौं भन्ने सोचाइ राख्छौं यो समाजको सामाजिक एकता-भाइचारालाई कायम राख्नु प्रमुख कर्तव्य र दायित्व हो । अझै भर्खरै राजनीतिक यात्रामा पाइला चाल्न लागेका जेन-जी युवा साथीहरूको पनि कर्तव्य हो । साँच्चै यो देशनिर्माण गर्ने हो भने हामीसँग भएका उद्योगधन्दा, होटल, स्कुल, व्यवसायलाई खरानी पारेर हनेइन समाजमा अग्रगामी चेतनाको विकासतर्फ हातेमालो गरेर लाग्न आवश्यक छ । नैतिकता भएका इमानदार व्यावसायीहरू समाजका कलंक होइन सभ्यर सुसंस्कृत समाजको आदर्श सूचक हुन् । धनलाई अपराधसँग होइन, अवसर, योगदान र प्रगतिको प्रतीकसँग जोड्नुपर्छ । धनी हुनुअपराध होइन, इमानदार तरिकाबाट धनी हुनु त गौरवको विषय हो । देश गरिब भयो भनेर औधी चिन्ता गर्ने र देशमा भएका केही नाम चलेका औद्योगिक व्यापारिक संरचनामा खोजीखोजी आगजनी गरेर खरानी पार्ने दोहोरो चरित्रले हाम्रा सन्ततिको हातमा केवल हामीले खरानीको थुप्रो हस्तान्तरण गर्ने कि सुदृढ र समृद्ध नेपाल हस्तान्तरण गर्ने ? यो प्रश्नको उत्तर अब युवा पुस्ताको हातमा छ । नार्थात् धर्मः पृथक् कश्चिदर्थं धर्मेण साधयेत्त ! धर्मेण अर्थं साधयित्वातेनधर्मं समाचरेत !!!

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : व्यवसायमा पिताको सहयोग मिल्नेछ। रोकिएका कार्य पुन: प्रारम्भ हुनेछन्।

**वृष** : मेहनतको धेरैले लाभ उठाउने छन्। शिक्षाको क्षेत्र फराकिलो हुनेछ।

**मिथुन** : सफलतापूर्ण सम्पन्न गर्नमा बाधा आउनेछ। अध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ।

**कर्कट** : दयालु स्वभावले अरुलाई खुसी बनाउनेछ । स्वास्थ्य राम्रो रहनेछ ।

**सिंह** : अरुको लागि श्रम र बुद्धि खर्च गर्नुपर्ला। आर्थिक पक्ष सामान्य रहनेछ।

**कन्या** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। कानुनी मुद्दा मामलाहरूमा सफलता मिल्नेछ।

**तुला** : मान प्रतिष्ठामा वृद्धि हुनेछ। व्यापार व्यवसायमा जीवनसाथीको साथ मिल्नेछ।

**वृश्चिक**: जीवनमा सकारात्मक परिवर्तन आउनेछ।यात्रा गर्दा सावधानी अपनाउनुहोस्।

**धनु** : अध्ययनमा सफलता पाइनेछ। सहयोगले रोकिएका काम बन्नेछन्।

**मकर** : काममा सफलता मिल्नेछ । पारिवारिक सम्बन्ध बलियो रहनेछ ।

**कुम्भ** : योजना अनुसार कार्य गरे सफलता प्राप्त हुनेछ । काममा रुचि बढ्नेछ।

मीन : मान प्रतिष्ठामा वृद्धि हुनेछ। व्यापार व्यवसायमा जीवनसाथीको साथ मिल्नेछ।

## कला मनोरञ्जन

# चलचित्र विधेयकप्रति सञ्चारमन्त्री नै असन्तुष्ट




सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले चलचित्र विधेयक, २०८१ प्रति असन्तुष्टि जनाएका छन् । राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा बुधबार भएको छलफलमा उनले नयाँ चलचित्र विधेयक, २०२६ सालको जतिको पनि नभएको बताएका हुन् । उनले विधेयक अपर्याप्त, अप्रगतिशील र पुरानो सोचमा आधारित भएको भन्दै असन्तुष्टि जनाए । मन्त्री खरेलले नयाँ विधेयकले आधुनिक चलचित्र उद्योगको माग र संरचनालाई समेट्न नसकेको बताए । उनकाअनुसार चलचित्र अब केवल मनोरञ्जनको क्षेत्र नभई लाखौँ मानिसको रोजगारी र ठुलो आर्थिक चक्रसँग जोडिएको उद्योगका रूपमा विकसित भएको छ । उद्योगको रूपमा विकास भएकोले चलचित्र कानुन पनि त्यही स्तरअनुसार परिमार्जित हुनुपर्ने आवश्यकता उनले औँल्याए । उनले विधेयकको मस्यौदा पढ्दा आफू छक्क परेको बताए । २०२६ सालको ऐनभन्दा १० प्रतिशत पनि यो विधेयक प्रगतिशील, आधुनिकीकरण र अग्रगामी नभएको उनले टिप्पणी गरे । उद्योगसँग सरोकार राख्ने सम्पूर्ण स्टेकहोल्डरलाई विधेयकले सम्बोधन गर्न नसक्ने उनले बताए । उनले भने, 'चलचित्र एउटा मनोरञ्जनको क्षेत्र मात्र रहेन । यो अब एउटा उद्योगको रूपमा विकास भइसकेको छ । यसमा लाखौँ मानिसहरू आश्रित छन्, अर्थतन्त्र चलायमान चलचित्रले बनाइरहेको छ । सबै कुरापछि चलचित्र भन्ने अवस्था रहेन अब, त्यसैले यो विधेयकले सैद्धान्तिक रूपमा हामीले चलचित्रलाई उद्योगको रूपमा अब विकास गर्ने कि नगर्ने ? उद्योगको रूपमा अगाडी बढाउने कि नबढाउने भन्ने कुरा महत्त्वपूर्ण हो । त्यसैले यसरी उद्योगको रूपमा अगाडी बढाउँदाखेरी यो क्षेत्रसँग जोडिएका जतिपनि स्टेक होल्डरहरु छन्, उनीहरूलाई यसले सम्बोधन गर्नुपर्छ । २०२६ सालमा बनेको त्यो ऐन अब पुरानो भयो । अहिले पनि आएर म यो विधेयकको मस्यौदा हेरिराख्दाखेरि मैले सरर पढेँ यो । यो पढिराख्दाखेरि छक्क परेँ म ! सभापतिज्यु, के छक्क परेँ भने २०२६ सालको भन्दा १० प्रतिशत पनि यो अग्रगामी छैन । प्रगतिशील छैन, आधुनिक छैन । यसले सबै क्षेत्रलाई सम्बोधन गर्दैन । तपाईँले यो १० प्रतिशत पनि थप सम्बोधन हुन नसक्ने विधेयक अगाडी बढाएका छौँ । अहिलेको विश्व परिवेशमा हेरेर चलचित्र क्षेत्रलाई हेर्दा विज्ञान र प्रविधिको यत्रो ईनोभेसन, ईक्युमेन्टहरुको ईनोभेसन, अडियन्सहरुको लेभल हेर्दाखेरी यसले सबै कुराहरू समेट्न सक्दैन ।'

उनले विज्ञान, प्रविधि र उपकरणको तीव्र विकास र विश्व चलचित्र उद्योगको गति हेर्दा वर्तमान मस्यौदाले आवश्यक रूपान्तरण समाउन नसकेको बताए । उनले यो विधेयकलाई पूर्ण रूपमा पुनरावलोकन गर्नुपर्नेमा जोड दिए । उनले छलफलको लागि पर्याप्त समय रहेकोले विश्व चलचित्र जगतमा प्रतिस्पर्धा हुने गरी विधेयकको परिमार्जन गर्न आग्रह गरे । जगदीश खरेलचलचित्र विधेयक खबर पढेर तपाईलाई कस्तो महसुस भयो ?

*-रातोपाटी डटकम*

# ४० दिनमा नै सकियो 'परालको आगो'को छायांकन

सुटिङ थालेको ४० दिनमा फिल्म 'परालको आगो'को छायांकन सकिएको छ । निर्माण टिमले दसैं अघिबाट म्याग्दीको विभिन्न स्थानबाट छायांकन थालेको यो फिल्मको छायांकन मंगलबार सकाएको हो । फिल्मको सुटिङ सकेसँगै निर्माण टिमले तीन फरक फरक लुक्सका तस्विर र रिलिज डेट समेत सार्वजनिक गरेको छ। यो फिल्म आगामी बैशाख ११ गतेबाट प्रदर्शनमा आउने निर्माता सुशील पोखरेलले बताए । उनले भने,'मैले अरु फिल्म प्रदर्शनको समयमा नआउने निर्णय गरेको छु । अरु फिल्म पनि चल्नुपर्छ भन्ने मान्यता राख्दै साधारण डेटमा आफ्नो फिल्म रिलिज गर्ने तयारीमा छु ।' उनले साथी भाईको फिल्मलाई सम्मान गर्दै आफ्नो डेटमा अरुले फिल्म नजुधाई दिन समेत आग्रह गरे । उनले थपे, 'एकैचोटी धेरै फिल्म हलमा निर्माता तथा हल व्यावसायी हरुको पनि धेरै नोक्सानी हुन्छ । ग्यापमा आउंदा निर्माता र हल दुबैपक्षलाई फाईदा होस भन्ने सोचले सबै मेजर डेट छोडेर बैशाख ११ गते शुक्रवारको साधारण डेटलाई डेटलक गरेको छ ु।' उनले फिल्मको चार वटा गीत सहित सम्पुर्ण छायांकन पुरा भएको र रिलिज डेट समेत तोकेको बताए । उनले जेनजी आन्दोलन चलिरहेको बेलामा यो फिल्मको छायांकनमा अवरोध भएता पनि टेक्निसियन तथा निर्देशकको खटाईले काम चाँडो सकिएको बताए । उनका अनुसार यो फिल्मको छायांकन सेड्युल ३० दिनको थियो । तर फिल्मका कलाकार,टेक्निसियन लगायतको अहोरात्र खट्दा पनि जेनजी आन्दोलन,वर्षा र पहिरोको कारण सेड्युल भन्दा १० दिन ढिला छायांकन सकिएको निर्माता पोखरेलले जानकारी दिए । 'परालको आगो' हिमाली नयनाभिराम लोकेसनमा ४० दिन लगाएर नेपाली माटोको सुगन्ध आउने चलचित्रलाई ठुलो क्यानभासमा छायांकन गरेका छौँ। निर्माता पोखरेलले भने,'काम पनि एकदमै उम्दा भएको छ । सौगात मल्ल,प्रकाश सपुत,सुहाना थापादेखि बाल कलाकार एन्जिला बानियाँसम्म एकदमै राम्रो काम गर्नु भएको छ ।'साथै करिब ६०० जना जुनियर आर्टिष्टमा खर्च गरेर कठिन परिस्थितिमा पनि फिल्मको राम्रो लोकेसन र कथाको मर्म अनुसार नै फिल्मको काम गरेको बताए । उनले थपे, 'अहिलेको समयमा कन्टेन नै बलियो हुनुपर्छ । हाम्रो कन्टेन नै बलियो छ र धेरै राम्रो सिनेमा बनाउने कोसिस गरेका छौँ । फिल्मका लागि सबै कुरामा कम्प्रमाइज गरेका छैनौँ ।' गुरुप्रसाद मैनालीको चर्चित कथामा निर्माण गरिएको यो फिल्ममा सौगात मल्ल,प्रकाश सपुत, सुहाना थापा, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, कुलदीप अधिकारी, सरिता भण्डारी, रेणु न्यौपानेका साथै बालकलाकार एन्जिला बाँनिया रहेकी छन् । यो फिल्मलाई कलाकारहरुले आफ्नो भुमिकालाई सशत्त बनाउनका लागि काठमाडौंमा वर्कसप समेत गरेको थिए । त्यसैले पनि निर्माता पोखरेल यो फिल्म राम्रो बनेकोमा ढुक्क देखिएका छन् । सुशील देवकोटाको लेखन रहेको यो फिल्मको निर्देशन लक्ष्मण सुनारले गरेका छन् । यस फिल्ममा गीत सुरेन्द्र राना, मनबहादुर मुखिया र प्रकाश सपुतले लेखेका छन् । त्यसै गरि संगीतकारकमा शान्ति ठटाल, सत्य स्वरूप र अभिनेता प्रकाश सपुतकै रहने निर्माण पक्षले जानकारी दिएको छ । गत भदौ २६ गतेदेखि म्याग्दीबाट छायांकन सुरु भएको यो फिल्मलाई संकल्प भुजेलले खिचेका हुन् भने फिल्मको कोरियोग्राफी रामजी लामिछानेले गरेका छन् । नगेन्द्र घिमिरेले प्रोडक्सन म्यानेजरको जिम्मा लिएको यो फिल्मको वितरण आर.आर फिल्मस र ओटीटी राईट ओएसआरले रिलिज पुर्वनै महंगो रकममा लिईसकेको छ । गुरुप्रसाद मैनालीको 'नासो' कथा संग्रहमा समावेश कथा 'परालको आगो' बनाइएको हो भने यो नाममा ४५ वर्षअघि प्रताप सुब्बाले पनि फिल्म निर्देशन गरेका थिए । जुन फिल्म अत्याधिक सफल पनि भएको थियो ।



*-डिसी नेपाल डटकम*

# बोर्डद्वारा चलचित्रघरका प्रतिनिधिलाई तालिम



चलचित्र क्षेत्रलाई प्रविधिमैत्री, व्यवस्थित र पारदर्शी बनाउने लक्ष्यसहित चलचित्र विकास बोर्डले सञ्चालन गरेको 'चलचित्र विकास शुल्क अभिमुखीकरण तथा तालिम'को पहिलो चरण सम्पन्न भएको छ । मंसिर १ गतेदेखि ७ गतेसम्म सञ्चालन गरिएको उक्त चरणमा लुम्बिनी, कर्णाली, सुदूरपश्चिम र बागमती प्रदेशस्थित चितवनका गरी देशभरका २६ वटा चलचित्रघरका प्रतिनिधिहरू सहभागी भएको बोर्डले जनाएको छ । बोर्डका अनुसार तालिममा सहभागीलाई चलचित्र विकास शुल्क पोर्टलको प्रयोगविधि, डेटा अभिलेखन तथा प्रतिवेदन निर्माण, शुल्कको एकीकृत रेकर्ड व्यवस्थापन, कार्यप्रणालीलाई सरल र पारदर्शी बनाउने उपायलगायत विषयमा विस्तृत प्रशिक्षण प्रदान गरिएको थियो । तालिम बोर्ड सदस्य गणेशप्रसाद सुवेदी, अधिकृत दिनेश बानियाँ, प्राविधिक प्रवीण पाण्डे तथा एष्टर इनोभेसन प्रालिका प्रशिक्षक सेरफ लामाको टोलीले सञ्चालन गरेको हो । चलचित्र क्षेत्रको समग्र प्रवर्धनका लागि चालु आर्थिक वर्षलाई 'दक्ष चलचित्रकर्मी, चलचित्रकर्मी दक्षता अभिवृद्धि वर्ष' को रूपमा घोषणा गरेको बोर्डले आफ्नै प्रमुख आयस्रोत चलचित्र विकास शुल्कलाई डिजिटल र अभिलेखिकृत रूपमा व्यवस्थित गर्न नयाँ पोर्टल निर्माण गरेको छ ।

सोही पोर्टलको प्रभावकारी प्रयोगका लागि देशभरका चलचित्रघरलाई अनलाइन प्रणालीमा दर्ता तथा शुल्क व्यवस्थापनमा दक्ष बनाउन अभिमुखीकरण कार्यक्रम सुरु गरिएको बोर्डले जनाएको छ । बोर्डका अनुसार यस कार्यक्रममार्फत चलचित्र क्षेत्रको आर्थिक पारदर्शिता, राजस्व संकलन तथा संरक्षण, सूचना व्यवस्थापन र सुशासन अभिवृद्धि हुने विश्वास लिएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# मलाई यो समाजमा बाँच्न धेरै गाह्रो भइसक्यो वर्षा

अभिनेत्री वर्षा राउतको व्यक्तिगत जीवन निरन्तर चर्चा-विवादको केन्द्रमा रहँदै आएको छ । कहिले श्रीमानको परिवारसँग उनको राम्रो सम्बन्ध नभएको चर्चा हुने गर्छ, त कहिले वैवाहिक सम्बन्ध नै संकटमा पुगेको जस्ता दाबीहरू सार्वजनिक हुने गर्छन् । यी विषयमा वर्षाले सामाजिक सञ्जाल र मिडियामार्फत पटकपटक स्पष्टीकरण दिँदै आइरहेकी छन् । आइतबार वर्षाले डिभोर्सको चर्चाबीच श्रीमान् संजोग कोइरालासँग एक टेलिभिजनमा अन्तर्वार्ता दिएकी छन् । उक्त अन्तर्वार्तामा श्रीमानलाई सम्बोधन गर्दै प्रयोग गरेका केही शब्दका कारण यतिबेला उनको आलोचना भइरहेको छ । श्रीमानलाई इज्जत नगरेको भन्दै प्रतिक्रियाहरू आउन थालेपछि उनले सोमबार स्टाटस लेख्दै आफूलाई समाजमा बाँच्न धेरै गाह्रो भइसकेको बताएकी छन् । उनले फेसबुकमा लेखेकी छन्, 'कहिलेकाहीँ मान्छेले आत्महत्याका विचार ल्याउनुपर्ने अवस्था सिर्जना हुन्छ । किनकि, उसले चाहेर होइन, समाजले बोकेको अपेक्षा, दबाब र अन्यायले मान्छेलाई घुमाउरो बाटोमा धकेलिदिन्छ । हाम्रो समाजले सदैव 'सब राम्रो देखिनुपछ' भन्ने मुखौटा लगाउन बाध्य पार्छ, तर भित्रको गल्ती, अन्याय, असमानता बदल्न कहिल्यै तयार हुँदैन ।! श्रीमतीलाई अपमानजनक शब्दले गाली गर्दा मौन बस्ने समाज महिलाले श्रीमानलाई सामान्य रूपमा प्रयोग हुने 'तिमी' जस्तो शब्द बोल्दा समेत औँला उठाउने गरेकोप्रति वर्षाले असन्तुष्टि जनाएकी छन् । यस्तो दोहोरो मापदण्ड, बेइन्साफी र पक्षपातले धेरैलाई भित्रभित्रै कमजोर बनाइदिने र मानसिक रूपमा तोडिदिने उनको बुझाइ छ । 'कहिलेकाहीँ त लाग्छ, यस्तो समाजमा बाँच्नु नै किन यति कठिन छ ? र, सच्याइनु पर्ने त समाज आफैँ हो । तर, परिवर्तन चाहिँ सबैलाई चाहिन्छ भन्छन्, बदलिन भने कसैलाई मन छैन,' उनले अगाडि लेखेकी छन्, 'यही कारणले मान्छे एक्लो महसुस गर्छ, थाकिन्छ, र कहिलेकाहीँ अन्धकारतिर तानिन्छ । यो समाजमा बाँच्न मलाई साँच्चिकै धेरै गाह्रो भइसक्यो ।'



*-डिसी नेपाल डटकम*

# विभिन्न स्थानबाट १३ जना पक्राउ



**काठमाडौँ,** मङ्सिर ९/देशका विभिन्न जिल्लामा प्रहरीले एकै दिन १३ जनालाई अवैध तथा नियन्त्रित लागूऔषधसहित पक्राउ गरेको छ । कास्की, दाङ, बर्दिया, मकवानपुर, झापा, सुनसरी, मोरङ र बाँकेमा गरिएको जाँच, निगरानी तथा घर-तलासीका क्रममा ब्राउनसुगर, खैरो हेरोइन, ट्रामाडोल, स्पास्पेनलगायत लागूऔषधसहित उनीहरु पक्राउ परेका हुन् ।

कास्कीको पोखराबाट मनोज श्रेष्ठ ब्राउनसुगरसहित पक्राउ परेका हुन् । दाङमा अलग अलग स्थानबाट कुमार नेपाली, विजय अधिकारी र कर्णबहादुर विकलाई ब्राउनसुगर तथा हेरोइनसहित प्रहरीले पक्राउ गरेको छ । बर्दियाको गणेशपुर बाइपासमा दीपक थापा क्षेत्री ब्राउनसुगरसहित पक्राउ परेका छन् । मकवानपुरको हेटौँडामा घरतलासी क्रममा सीताराम दोङबाट हेरोइन र ५२ थान ट्रामाडोल बरामद भएको प्रहरीले जनाएको छ । झापाको मेचीपुलमा जाँचका क्रममा भारतबाट प्रवेश गर्दै गरेको अवस्थामा दिलीपकुमार माझी र रोमा राणा ब्राउनसुगरसहित पक्राउ परेका छन् । सुनसरीमा धरानबाट सनम लिम्बू ट्रामाडोल, स्पास्पेन ट्याब्लेटसहित र इनरुवाबाट सन्तोष राई ब्राउनसुगरसहित पक्राउ परेका छन् ।

मोरङको विराटनगरमा भारतबाट पैदल आउँदै गरेका दुर्गानन्द यादव हेरोइनसहित पक्राउ परेका छन् । बाँकेको चिसापानीमा विनोद थापामगर र विकास पाण्डेलाई प्रहरीले ब्राउनसुगरसहित पक्राउ गरेको छ । सबै घटनामाथि सम्बन्धित प्रहरी कार्यालयहरूले आवश्यक अनुसन्धान अघि बढाएको छ ।


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

# विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

## सुदूरपश्चिम र सन्दीप चम्किंदा विराटनगरको जित




**काठमाडौं,** मंसिर ९/कप्तान दीपेन्द्रसिंह ऐरीको अलराउन्ड प्रदर्शनमा सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा कर्णाली याक्सलाई ४५ रनले हराएको छ । दीपेन्द्रले उत्कृष्ट प्रदर्शन गर्दै सुदूरपश्चिम विरुद्ध ४ विकेट लिएपछि १ सय ४० रनको लक्ष्य पाएको कर्णाली १९ ओभर २ बलमा ९४ रनमै अलआउट भयो । बलिङतर्फ दीपेन्द्रले ४ ओभरमा २३ रन खर्चेर उत्कृष्ट प्रदर्शन गरे । सुदूरपश्चिमको यो लगातार तेस्रो जित हो । त्यसअघि सोमबार नै भएको पहिलो खेलमा कप्तान सन्दीप लामिछानेले उत्कृष्ट बलिङ प्रदर्शन गरेपछि विराटनगर किंग्सले जनकपुर बोल्ट्सलाई ९ रनले पराजित गर्दै लगातार तेस्रो जित निकालेको छ । सन्दीप लामिछानेले ४ विकेट लिए । १ सय ३६ रनको लक्ष्य पछ्याएको जनकपुरले २० ओभरमा ९ विकेट गुमाउँदै १ सय २६ रन मात्र बनाउन सक्यो । सन्दीपले ४ ओभरमा ११ रन मात्र खर्चेका थिए । अन्य खेलाडीहरूमा कर्णालीका पवन सार्फले २७ र मार्क वाटले १७ रन बनाए । सुदूरपश्चिमका हर्मित सिंह र अविनाश बोहराले समान २ विकेट लिए । कर्णालीका कप्तान सोमपाल कामीले ३ विकेट लिए । ३ खेल खेलेको सुदूरपश्चिम ३ खेलमा जित निकाल्दै ६ अंकसहित तालिकाको शीर्षस्थानमा छ । यस्तै लगातार ३ खेल जितेको विराटनगर ६ अंकसहित दोस्रो स्थानमा छ भने ३ खेल खेलेको कर्णाली १ खेलमा जित र २ खेलमा पराजित हुँदै २ अंकसहित तालिकाको तेस्रो स्थानमा छ । २ खेल खेलेर २ खेलमै हार बेहोरेको जनकपुर शून्य अंकसहित तालिकाको सातौं स्थानमा छ । यसैबीच एनपीएल क्रिकेटमा आज काठमाण्डु गोर्खाज र लुम्बिनी लायन्स खेल्दैछन् । यी दुई टोलीबीचको खेल दिउँसो ४ बजे त्रिवि क्रिकेट मैदानमा हुनेछ । काठमाण्डु गोर्खाज र लुम्बिनी लायन्सले आ-आफ्नो पहिलो खेलमा जित निकाल्दै प्रतियोगितामा उत्कृष्ट शुरूवात गरेका थिए । यसअघि गएको शनिबार विराटनगरले काठमाण्डुलाई र कर्णालीले लुम्बिनीलाई पराजित गरेको थियो ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अङ्कले बढ्यो



**पाल्पा,** मंसिर ९/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक पाँच दशमलव ३२ अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा शुन्य दशमलव २० प्रतिशतले बढेर दुई हजार ६५५ दशमलव ९९ अङ्कमा पुगेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ३९ अङ्कले बढेर ४५७ दशमलव ५३ अङ्कमा पुगेको छ । मंगलबार बजारमा नेप्से परिसूचक सामान्य बढेपनी कारोबार रकम भने घटेको छ । मंगलबार कूल ३१९ कम्पनीका एक करोड १९ लाख ७६ हजार ७८० कित्ता शेयर रु पाँच अर्ब ८२ करोड ३० लाख २८ हजार ६६३ मा खरिद बिक्री भएको छ । सोमबार कुल रु सात अर्ब तीन करोड ५४ लाख ८० हजार १३६ मा शेयर खरिद बिक्री भएको थियो । नेप्सेका अनुसार कारोबार भएकामध्ये विकास बैङ्क, जीवन बिमा, सामूहिक लगानी कोष र व्यापार समूहका उपसूचक घटेका छन् । त्यस बाहेकका अरु उपसूचक भने बढेका छन् । जसमा सबैभन्दा धेरै होटल तथा पर्यटनको उपसूचक एक दशमलव ४१ प्रतिशतले बढेको छ । बन्दीपुर केवलकारको शेयर रु २६ करोड ९९ लाख ९७ हजार ६४९ बराबरको कारोबार भई शीर्ष स्थानमा रह्यो । झापा इनर्जी लिमिटेडको शेयरमूल्यमा १० प्रतिशतले वृद्धी भइ सकारात्मक सर्किट लाग्यो । त्यस्तै सागर डिस्टिलरी लिमिटेड र श्रीनगर एग्रोटेक इन्ड्रष्ट्री लिमिटेडका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढीले कमाएका छन् । कारोबारमा जोशी हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडको लगानीकर्ताले शेयरमूल्यमा चार दशमलव ९६ प्रतिशतले गुमाए ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई